# बालविकास शिक्षकका लागि बुटक्याम्प कार्यक्रम
## कार्यसञ्चालन संहिता, २०८१

स्वीकृति मिति: २०८१/१०/१४

**१. परिचय**

बालविकास शिक्षकलाई कक्षा व्यवस्थापन, सिकाइ सामग्रीको पहिचान, सङ्कलन, निर्माण र प्रयोग, विकासात्मक तथा सिकाइ क्रियाकलाप सञ्चालनका लागि आवश्यक ज्ञान र सिप प्रदान गरी प्रारम्भिक बालविकास तथा शिक्षाका बालबालिकाको सर्बाङ्गीण विकास सुनिश्चित गर्न बालविकास शिक्षकलाई स्वयं उत्प्रेरित हुने गरी क्षमता विकासका लागि सघन तालिम प्रदान गर्न र चालु आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यको प्रकरण नं. १५९ मा व्यवस्था भए बमोजिम बालविकास शिक्षकका लागि सञ्चालन हुने बुटक्याम्प सम्बन्धी कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन बाञ्छनीय भएकोले यो सञ्चालन संहिता, २०८१ निर्माण गरिएको छ।

**२. तालिमको उद्देश्य**

स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रही प्रारम्भिक बालविकास तथा शिक्षाको सिकाइ प्रक्रियालाई गुणस्तरीय बनाउन बालविकास शिक्षकको क्षमता विकास गर्नको लागि सञ्चालन गरिने बुटक्याम्पलाई व्यवस्थित र प्रभावकारी बनाउनु यस सञ्चालन संहिताको प्रमुख उद्देश्य रहेको छ।

**३. तालिमका विषयवस्तु**

बुटक्याम्प तालिमका लागि प्रारम्भिक बालविकास शिक्षाको तालिम पाठ्यक्रममा निर्धारित विषयवस्तुका अतिरिक्त योग, व्यायाम, ध्यान, सरसफाइ, नैतिक मूल्य र आहारविहार जस्ता विषयवस्तु समावेश हुनेछन्। शिक्षक पेसागत विकास तालिम पाठ्यक्रमबमोजिम दैनिक ४.५ घण्टाका अतिरिक्त बिहान र बेलुका गरी जम्मा ४ घण्टा अन्य क्रियाकलाप सञ्चालन गरिने छ। तालिम केन्द्रले दैनिक ८.५ घण्टाको कार्यतालिका तयार पारी कार्यान्वयन गर्नुपर्नेछ। तालिमका विषयवस्तुसम्बन्धी अन्य व्यवस्था सम्बन्धित अन्य निकायको समन्वयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्धारण भए बमोजिम हुनेछ।

**४. सामग्रीसम्बन्धी व्यवस्था**

बुटक्याम्प सञ्चालनका लागि आवश्यक पर्ने तालिम सामग्रीको रूपमा शिक्षक पेसागत विकास तालिमको तालिम प्याकेज टिपिडी पहिलो वा दोस्रो मोड्युललाई प्रयोग गरी दस दिनको तालिम केन्द्रमा आधारित आवासीय तालिम सञ्चालन गरिनेछ। यसका अतिरिक्त विषयवस्तुसँग सम्बन्धित सामग्रीहरू तयार पार्ने जिम्मेवारी सम्बन्धित प्रशिक्षकको हुनेछ।

**५. प्रशिक्षकसम्बन्धी व्यवस्था**

बुटक्याम्प तालिममा प्रारम्भिक बालविकास शिक्षाको तालिम पाठ्यक्रममा आधारित प्रशिक्षक प्रशिक्षण लिएका विज्ञहरू र प्रारम्भिक बालविकास शिक्षाको तालिम पाठ्यक्रमका विषयवस्तु बाहेकका अन्य विषयवस्तुका हकमा सम्बन्धित विषयका विज्ञमध्येबाट तालिम केन्द्रले छनोट गरेका विज्ञहरूले प्रशिक्षकका रूपमा कार्य गर्न सक्नेछन्।

**६. सहभागी छनोटसम्बन्धी व्यवस्था**

बुटक्याम्पमा सहभागी हुनेको सूची सम्बन्धित स्थानीय तहबाट तयार गर्दा बुटक्याम्पमा बसी पूरा अवधि तालिम लिन इच्छुक र प्रतिबद्ध र उपलब्ध भएसम्म पहिलो चरण वा कुनै एक चरण प्रमाणीकरण तालिम लिएका शिक्षकमध्येबाट सम्बन्धित इकाइसँगको समन्वयमा छनोट गर्नुपर्ने छ। सहभागीको सङ्ख्या नपुगेमा कुनै पनि चरणको तालिम नलिएका बालविकास शिक्षकहरू समेत छनोट गर्न सकिने छ।

**७. बुटक्याम्पको सञ्चालन**

बुटक्याम्पका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रदेशगत कोटा निर्धारण गरी तालिम केन्द्रलाई अख्तियारी प्रदान गर्नेछ। त्यस्तो अख्तियारी प्रदान गर्दा पहिलो चरणमा परीक्षणका रूपमा सञ्चालन गर्ने गरी सीमित कोटाका लागि मात्र अख्तियारी प्रदान

गर्न सकिने छ। एउटा समूहको बुटक्याम्पमा बढीमा २५ जनासम्म समावेश गर्न सकिनेछ। शिक्षकको पेसागत विकासको तालिममा यस अघि सहभागी नभएका वालविकास शिक्षक र पहिलो वा दोस्रो चरणको पेसागत तालिम लिइसकेका वालविकास शिक्षकको अलग अलग बुटक्याम्प सञ्चालन गरिनेछ।

बुटक्याम्प सञ्चालनको स्थल शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्धारण भएको संख्यामा नबढ्ने गरी सम्बन्धित तालिम केन्द्रले आफैँ र प्रदेश भित्रका इकाइसँगको समन्वयमा जिल्लास्तरमा इकाइमार्फत समेत सञ्चालन गर्न सक्नेछ। सञ्चालन गरिएको बुटक्याम्पको सम्पूर्ण विवरण (कार्यतालिका, सहभागी तथा प्रशिक्षकको विवरण र हाजिरी र सहभागीको मूल्याङ्कन) बुटक्याम्प सञ्चालन कार्य सम्पन्न भएको पन्ध्र दिनभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्नेछ र बुटक्याम्पका सहभागीले सम्बन्धित तालिम केन्द्रबाट बालविकास शिक्षकको पेसागत विकासको प्रथम वा दोस्रो चरणको तालिमको रूपमा प्रमाणीकरण गरिनेछ।

## ८. विभिन्न निकायको भूमिका

बुटक्याम्प सञ्चालनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्वीकृत बजेटको परिधिभित्र रही सम्बन्धित प्रदेश तालिम केन्द्रलाई कोटा तथा अख्तियारी प्रदान गर्न मन्त्रालयसँग समन्वय गर्नेछ। यसका अलावा बुटक्याम्पको कार्यान्वयनका लागि प्रदेश तह तथा जिल्लास्तरका अन्य निकाय तथा शिक्षा विकास तथा समन्वय इकाइसँग समन्वय र सहजीकरण गर्ने कार्य समेत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्नेछ। केन्द्रले कार्यक्रम कार्यान्वयनका लागि इच्छुक गैर सरकारी संस्था तथा निकायसँग समझदारी गरी कार्यान्वयनमा सहजीकरण समेत गर्न सक्नेछ।

प्रदेश तालिम केन्द्रहरूले निर्धारित आधारमा सहभागी छनोट, प्रशिक्षक छनोट, तालिम स्थल छनोट गरी कार्यक्रम सञ्चालन गर्ने, शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्ने, तालिम प्राप्त बालविकास शिक्षकको अभिलेख राख्ने र प्रमाणीकरण गर्ने र कार्यक्रमसँग सम्बन्धित रही शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको समयमा अभिलेख तथा विवरण उपलब्ध गराउने व्यवस्था मिलाउने छ।

शिक्षा विकास तथा समन्वय इकाइहरूले प्रदेश तालिम केन्द्र र स्थानीय तहबिच आवश्यक समन्वय गर्नेछन्। त्यसैगरी स्थानीय तहहरूले आआफ्नो तहभित्र रहेका विद्यालयबाट बुटक्याम्पमा सहभागी हुने शिक्षकहरू छनोट गर्ने, तालिमप्राप्त गरेका बालविकास शिक्षकको ज्ञान सिप कार्यस्थलमा लागू गर्ने वातावरण मिलाउने र सोको नियमित अनुगमन गर्ने गराउने र तालिममा सहभागी बालविकास शिक्षक तथा प्रशिक्षकको अभिलेख राख्ने राख्न लगाउने कार्य गर्ने छन्।

विद्यालयहरूले बालविकास शिक्षकलाई तालिमको लागि नाम सिफारिस गरी पठाउने, तालिममा प्रशिक्षकको रूपमा आमन्त्रित शिक्षक तथा सहभागीलाई पठाउने प्रबन्ध गर्ने, तालिमप्राप्त बालविकास शिक्षकलाई तालिमका सिकेका ज्ञान तथा सिप कार्यस्थलमा कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने र निजको शिक्षण सिकाइको निरन्तर अनुगमन गरी अभिलेख राख्ने र स्थानीय तह, इकाइ तथा प्रदेशबाट समय समयमा माग भएका विवरण उपलब्ध गराउने कार्य गर्ने छन्।

## ९. अन्य व्यवस्था

प्रदेश तालिम केन्द्रहरूले तालिम सञ्चालनका क्रममा प्रति सहभागी अख्तियारी प्राप्त गरेको रकमको परिधिभित्र रही स्वीकृत नर्म्सका आधारमा खर्च गर्न सक्नेछन्। यो नयाँ कार्यक्रम भएकाले प्रारम्भमा केही समूहलाई परीक्षणका रुपमा सञ्चालन गरी त्यसको नतिजा अध्ययन र औचित्यका आधारमा क्रमश: बाँकी कार्यक्रम सञ्चालन निरन्तर गर्न वाञ्छनीय हुनेछ।

..............समाप्त..................